# स्वयम्सेवक शिक्षक छनौट कार्यविधि २०७७

## प्रस्तावना

व्यक्ति, समुह, अभिभावक, नगरपालिका, प्रदेश तथा संघिय सरकारको लगानी र योगदानबाट सञ्चालित सामुदायिक विद्यालयहरुले शिक्षा क्षेत्रमा गरेको योगदान व्यवस्थित गरी सामुदायिक विद्यालयहरुको विश्वासलाई भरपर्दो बनाउन र गुणस्तरीय शिक्षाका माध्यमबाट सामुदायिक शिक्षाको गुणात्मकता वृद्धिका लागि विद्यालयहरुलाई निश्चित मापदण्डका आधारमा सञ्चालन गर्न सम्बन्धित निकायबाट स्वीकृति तथा अनुमति प्राप्त स्थानीय आवश्यकता र मागको आधारमा सञ्चालनरत विद्यालयहरुमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक व्यवस्थापन गर्न नेपालको संविधान २०७२ को अनुसूची ८ र ९ साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ र १५ को अधिकार प्रयोग गरी नगरपालिकाले "स्वयम् सेवक शिक्षक छनौट कार्यविधि २०७७" जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(१) यस मापदण्डको नाम "स्वयम्सेवक शिक्षक छनौट कार्यविधि २०७७" रहेको छ ।

(२) यस कार्यविधि पालुङटार नगरपालिका भित्रका अनुमति तथा स्वीकृत प्राप्त सामुदायिक विद्यालयमा लागु हुनेछ ।

(३) यो मापदण्ड नगरकार्यपालिकाबाट पारित भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "नगरपालिका" भन्नाले पालुङटार नगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) "कार्यविधि" भन्नाले स्वयम्सेवक शिक्षक छनौट कार्यविधि २०७७ लाई सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले पालुङटार नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "शिक्षक दरबन्दी" भन्नाले पालुङटार नगरपालिका भित्रका हाल मौज्दात दरबन्दी र पालुङटार नगरपालिकाद्वारा थप गरेका शिक्षक, स्वयम्सेवक शिक्षकको दरबन्दीलाई सम्झनु पर्छ ।

(ङ) "शिक्षक" भन्नाले नेपाल सरकारद्वारा तोकिएको दरबन्दीमा कार्यरत शिक्षकलाई सम्झनु पर्दछ ।

(च) "स्वयम्सेवक शिक्षक" भन्नाले यस नगरपालिकाबाट शिक्षण सिकाईका लागी विद्यालयमा राखिएका व्यक्तिलाई सम्झनु पर्छ ।

(छ) "शिक्षक छनौट समिति" भन्नाले यस नगरपालिकामा व्यवस्था भएको करार शिक्षक छनौट समितिलाई सम्झनु पर्दछ ।

(ज) "प्रमुख" भन्नाले पालुङटार नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(झ) "नगर शिक्षा अधिकारी" भन्नाले यस नगरपालिकाका शिक्षा शाखाका शाखा प्रमुखलाई सम्झनु पर्दछ ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पालुङटार नगरपालिकाको अख्तियारी प्राप्त कार्यालय प्रमुखलाई सम्झनु पर्दछ ।

(ट) "विषय विशेषज्ञ" भन्नाले शिक्षाशास्त्र सङ्कायबाट तोकिएको विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण भई सम्बन्धित क्षेत्रमा कम्तिमा पाँच वर्षको अनुभव प्राप्त सम्बन्धित तहको स्थायी शिक्षकलाई सम्झनु पर्दछ ।

(ठ) "निर्वाह खर्च" भन्नाले यस नगरपालिका भित्र स्वयम्सेवक शिक्षक भई विद्यालयमा कार्यरत शिक्षकलाई दिईने रकमलाई सम्झनु पर्दछ ।

ड) "शिक्षा शाखा" भन्नाले पालुङटार नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई जनाउँदछ ।

## परिच्छेद-२
## विद्यालयमा रहने स्वयम्सेवक शिक्षक दरवन्दी

(१) प्रत्येक शैक्षिक शत्रको दोस्रो महिनाभित्र विद्यार्थी संख्याको आधारमा नेपाल सरकारले प्रदान गरेको शिक्षक दरवन्दी संख्या एकीन गरीनेछ । प्रत्येक विद्यालयमा तहगत शिक्षक विद्यार्थी अनुपात न्यूनतम १:४५ हुनु पर्नेछ ।

(२) प्रत्येक कक्षामा ५५ जना भन्दा बढी विद्यार्थी भएमा मात्र शिक्षा शाखाको स्वीकृतीमा समुह विभाजन गर्न पाइनेछ । यो प्रक्रिया प्रत्येक शैक्षिक शत्र शुरु भएको दुई महिना भित्र सक्नुपर्नेछ ।

(३) कक्षा संख्याको आधारमा एक शिक्षकले बहुकक्षा शिक्षणको माध्यमबाट अध्यापन गराउँदा एकै पिरियडमा दुई कक्षा भन्दा बढी कक्षा सञ्चालन गर्नु परेमा त्यस्तो विद्यालयमा एक जना स्वयम्सेवक शिक्षकको कोटा उपलब्ध हुनेछ ।

(४) बालकक्षाको हकमा प्रत्येक कक्षामा न्यूनतम १:३० शिक्षक विद्यार्थी अनुपात कायम गरीने छ । १:३५ भन्दा बढी भएमा स्वयम्सेवक बालविकास सहजकर्ता उपलब्ध गराइनेछ ।

(५) तोकिएबमोजिमको शिक्षक विद्यार्थी अनुपातको आधारमा स्वयम्सेवक शिक्षक आवश्यक नदेखिएमा शैक्षिक शत्रको दोश्रो महिनाभित्र शिक्षा शाखाले स्वत कोटा हटाई नगर शिक्षा समितिमा जानकारी दिनुपर्नेछ।

## परिच्छेद-३

## स्वयम्सेवक शिक्षकको योग्यता, छनौट तथा नियुक्ति प्रक्रिया

(१) स्वयम्सेवक शिक्षक हुन चाहिने योग्यता

(क) नेपाली नागरिक हुनुपर्नेछ।

(ख) आधारभूत तह (कक्षा १-५) का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ। आधारभूत तह (कक्षा ६-८) का लागि भने सम्बन्धित विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ। माध्यमिक तहका लागि सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ।

(ग) शिक्षाशास्त्र सङ्काय अध्ययन गरेको हुनुपर्नेछ तर विज्ञान, गणित, अङ्ग्रेजी र लेखा विषय अध्यापनका लागि शिक्षाशास्त्र सङ्काय बाध्यकारी हुने छैन।

(घ) उमेदवारको उमेर आवेदन फाराम भर्ने म्याद कायम भएको अन्तिम मितिसम्म १८ वर्ष पुगेको र ४० वर्ष ननाघेको हुनुपर्नेछ तर महिला उमेदवारको हकमा ४२ वर्ष ननाघेको पनि मान्य हुनेछ।

(२) स्वयम्सेवक शिक्षकको छनौट पालुङटार नगर शिक्षा ऐन २०७५ (प्रथम संशोधन) अनुसार गठित शिक्षक छनौट समितिले गर्नेछ। तर यस प्रयोजनका लागि सदस्य सचिवको भूमिका शिक्षा शाखाको विद्यालय प्रशासन हेर्ने शिक्षा अधिकृतले निर्वाह गर्नेछन्।

(३) शिक्षा शाखाले नगरपालिकाभित्र आवश्यक स्वयम्सेवक शिक्षकको तहगत रुपमा आवेदन पेश गर्नुपर्ने १५ दिन म्याद राखी विज्ञापन गर्नुपर्नेछ।

(४) परीक्षामा भाग लिन चाहने उमेदवारले अनुसूची १ बमोजिम आवेदन भरी तोकेबमोजिमको राजश्व दाखिला गरेको प्रमाणसहित विज्ञापनमा तोकिएको स्थान र अवधिभित्र आवेदन फाराम बुझाउनुपर्नेछ।

(५) परीक्षाको पूर्णाङ्क र उत्तीर्णाङ्क

१. स्वयमसेवक शिक्षकको परीक्षाको पूर्णाङ्क देहायबमोजिम हुनेछ :

(क) लिखित परीक्षा :

(अ) सामान्य परीक्षा - १०० अङ्क

(आ) विषयगत परीक्षा - १०० अङ्क

(ख) अर्न्तवार्ता - ३५ अङ्क

(ग) लिखित परीक्षा को उत्तीर्णाङ्क ४०% हुनेछ ।

२. अन्तर्वार्ताको लागि छुट्याइएको अङ्क देहायबमोजिम दिनेछ :

(क) पालुङटार नगरपालिका भित्र स्थायी वसोवास भएका उमेदवारलाई १० अङ्क,

(ख) वर्गीकृत गरिएका क, ख, ग र घ वर्गका अपाङ्ग उमेदवारका लागि क्रमश : ६, ५, ४ र ३ अंकका दरले अधिकतम ६ अङ्क,

(ग) अनुभव वापत निजि श्रोतमा अध्यापन गराएका कम्तीमा एक वर्ष पूरा गरेका शिक्षकलाई प्रत्येक वर्षको अंक ०.५ का दरले अधिकतम ६ अंक,

यस प्रयोजनका लागि मिति २०७६/१२/११ भन्दा पछाडी अवकास भएका निजि श्रोतका शिक्षकले पनि प्रधानाध्यापकको सिफारीसका आधारमा यो सुविधा प्राप्त गर्नेछन् । जसका लागि समान तह र श्रेणीमा काम गरेको हुनुपर्नेछ ।

(घ) शैक्षिक योग्यता वापत सेवा प्रवेशका लागि तोकिएको शैक्षिक योग्यताको प्रथम श्रेणी भए ३, द्वितीय भए २ र तृतीय भए १ अङ्कका दरले अधिकतम ३ अङ्क,

(ङ) अन्तर्वार्ता वापत अधिकतम १० अङ्क,

तर अन्तर्वार्ताको अंक दिँदा कुनै उमेदवारलाई ७० प्रतिशतभन्दा बढी र ४० प्रतिशतभन्दा कम दिनुपर्ने भएमा त्यस्तो अङ्क दिने स्पष्ट कारण खुलाउनुपर्नेछ ।

(६) छनौट प्रक्रिया पूरा गरी सफल उमेदवारको सूची तयार गरिनेछ । आवश्यकता अनुसार योग्यताक्रमका आधारमा नगर शिक्षा अधिकारीले स्वयम्सेवक शिक्षकको नियुक्ति गर्नेछन् । सफल भएका उमेदवारको सूची दुई वर्षका लागि मान्य हुनेछ ।

## परिच्छेद-४

## सेवा, सुविधा र शर्त

(१) स्वयम्सेवक शिक्षकको कार्यावधि अधिकतम एक शैक्षिक सत्रको हुनेछ ।

(२) विद्यालय व्यवस्थापन समिति र सम्बन्धित अधिकृत (शिक्षा) को प्रतिवेदनको आधारमा प्रत्येक शैक्षिक सत्रको अन्तिम महिनामा स्वयम्सेवक शिक्षकको सहमतिमा नगर शिक्षा अधिकारीले म्याद थप गर्नेछन् । यदि सन्तोषजनक कार्य नगरेको पाइएमा निजको म्याद थप गर्न बाध्यकारी हुने छैन ।

(३) अवकाश पछि स्वयम्सेवक शिक्षकलाई अनुभव प्रमाण पत्र प्रदान गरीने छ ।

(४) स्वयम्सेवक बालविकास सहजकर्तालाई नेपाल सरकारको दरबन्दीमा रहेका बालविकास सहजकर्ता सरह निर्वाह खर्च उपलब्ध गराइनेछ । आधारभूत स्वयम्सेवक शिक्षकलाई मासिक रु.१५,०००।- र माध्यमिक तहका लागि मासिक रु.१७,०००।– का दरले चाडपर्व खर्च समेत गरी वार्षिक १३ महिनाको निर्वाह खर्च उपलब्ध गराइनेछ ।

(५) पोशाक भत्ता एक शैक्षिक शत्रमा रु. १०,०००।- उपलब्ध गराइनेछ । तर यस प्रयोजनका लागि नियुक्ति मितिले छ महिना कटेको हुनुपर्नेछ ।

(६) भैपरी र पर्व विदा गरेर वार्षिक १२ दिन प्रदान गरीनेछ । सो विदा बस्दा प्रधानाध्यापकसँग पूर्व स्वीकृती लिनु पर्नेछ ।

(७) सुत्केरी विदा र किरिया नेपाल सरकारले शिक्षकलाई तोकेबमोजिम प्रदान गरीनेछ ।

(८) स्वयम्सेवक शिक्षक दीर्घकालीन रोगका कारण उपचार गर्नु परेमा, आकस्मिक दुर्घटनामा परी अङ्गभङ्ग भई उपचार गर्नुपरेमा प्रमाणका आधारमा नगर शिक्षा अधिकारीले एक शैक्षिक सत्रमा १२ दिनसम्म उपचार विदा दिन सक्ने छन् । थप विदाको आवश्यक परेमा विद्यालय व्यवस्थापन समितिको सिफारिसमा अधिकतम ३० दिनसम्म निर्वाह खर्च उपलब्ध नहुने गरी नगर शिक्षा अधिकारीबाट बिदा स्वीकृत लिनुपर्नेछ ।

(९) स्वयम्सेवक शिक्षकको कुनै पनि विदा सञ्चित हुने छैन ।

## परिच्छेद-५

## विविध

(१) उमेदवारले परीक्षामा सामेल हुन रु. ५१०।- राजश्व तिरेको हुनुपर्नेछ । यो रकम यस नगरकार्यपालिकाको कार्यालय तथा यस नगरपालिका अन्तर्गतका जुनसुकै वडा कार्यालयमा तिर्न सकिनेछ ।

(२) विद्यालय व्यवस्थापन समितिको दोहोरो सहमतीमा वा स्वयम्सेवक शिक्षकको एक विद्यालयमा कोटा कटौती हुने र अर्को विद्यालयमा आवश्यक परेमा नगर शिक्षा अधिकारीले कार्यक्षेत्र परिवर्तन गर्न सक्नेछन् । तर यस्तो अवस्थामा विषय तोकीएको छ भने विषय मिल्नु पर्नेछ ।

(३) यदी कुनै विद्यालयमा दरवन्दी वा तलव अनुदान थप भई स्वयम्सेवक शिक्षकको आवश्यकता नदेखिएमा जुनसुकै बेला विना सुविधा स्वत : हट्नुपर्नेछ । एक वा एक भन्दा बढी स्वयम्सेवक शिक्षक भएको विद्यालय भए कनिष्टताका आधारमा हटाइनेछ ।

(४) स्वयम्सेवक शिक्षकलाई नगरपालिकाबाट क्षमता अभिवृद्धि सम्बन्धी तालिमको व्यवस्था गरीनेछ ।

(५) कुनै विद्यालयमा कार्यरत शिक्षक सुत्केरी भएमा त्यस विद्यालयका प्रधानाध्यापकले बढीमा ९८ दिनका लागि मिल्दो विषयमा सूचीकृत भएका योग्यताक्रमको आधारमा स्वयम्सेवक शिक्षक करारनामा गरी राख्न सक्नेछन् ।

(६) सुत्केरी बिदामा बसेका शिक्षकको सट्टा कार्यरत स्वयम्सेवक शिक्षकलाई ९८ दिनको स्वयम्सेवक शिक्षक सरह निर्वाह खर्च उपलब्ध गराइने छ ।

(७) यदि स्वयम्सेवक शिक्षकले सन्तोषजनक कार्य नगरेमा प्रधानाध्यापक, शिक्षा/शाखा अधिकृत वा स्वयम् आफ्नै निरीक्षण प्रतिवेदनका आधारमा जुनसुकै बेला पनि नगर शिक्षा अधिकारीले हटाउन सक्नेछन् ।

(८) कुनै विद्यालयमा कार्यरत स्वयम्सेवक शिक्षकले यदी शैक्षिक सत्रको विचैमा छाडेमा त्यस्तो विद्यालयमा विषय मिल्नु पर्ने भए विषय मिल्ने गरी सात दिनको सूचना प्रकाशन गरी प्राप्त निवेदन मध्ये योग्यता क्रमका आधारमा नगर शिक्षा अधिकारीले चालु शैक्षिक सत्रको बाँकी अवधिका लागि नियुक्ति गर्न सक्ने छन् ।

(९) यो कार्यविधि नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

**प्रमाणित मिति : २०७७।०८।१५**

**आज्ञाले**

**तेजराज शर्मा**

**प्रमुख प्रशासकीय अधिकृत**

**अनसूची १**

**स्वयम्सेवक शिक्षकको लागि आवेदन फारामको ढाँचा**

**फोटो**

उम्मेदवारको वैयक्तिक विवरण

उम्मेदवारको नामथर : देवनागरीमा :

अङ्ग्रेजीमा :

जन्ममिति : वि.सं.: इ.सं : हालको उमेर : ..वर्ष.....महिना....दिन

स्थायी ठेगाना : क) जिल्ला : ख) न.पा./गा.पा. : ग) वडा नं.:

घ) टोल : ङ) घर नं.

च) फोन :

छ) इमेल :

अस्थायी ठेगाना : क) जिल्ला : ख) न.पा./गा.पा. : ग) वडा नं.:

घ) टोल : ङ) घर नं.

च) फोन :

छ) इमेल :

बाबुको नामथर :

आमाको नामथर :

बाजेको नामथर :

**शैक्षिक योग्यता सम्बन्धी विवरण**

| विश्वविद्यालय/वोर्ड/संस्था | शैक्षिक उपाधि | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|
| | | | | |

**उमेदवारको सहीछाप**

| दायाँ | बायाँ |
|---|---|
| | |

उमेदवारको दस्तखत :

मिति :

---

**संलग्न कागजातहरु :**

क)

ख)

ग)